चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगवहादुर ...
गा.पा. अध्यक्ष

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-९५)

मितिः- २०७८/११/०१

**बैठकका प्रस्तावहरु**

१. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागी अवधारणा प्रस्ताव पेश गर्ने सम्बन्धमा
२. नवप्रवर्तन साझेदारी कोष परियोजनाको कार्यान्वयन समिति गठन सम्बन्धमा।

**सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको मितिः- २०७८/११/०१ का निर्णयहरु**

**निर्णय न. १ नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागी अवधारणा प्रस्ताव पेश गर्ने सम्बन्धमा**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) तर्फ स्वीकृत कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ बमोजिम मिति २०७८/१०/१९ गते प्रकाशित अवधारणा प्रस्ताव पेश गर्ने सूचना अनुसार कोष कार्यान्वयन निर्देशिकाको अनुसूची-१ को ढाँचामा दिगो तथा गुणस्तरीय शिक्षा स्वास्थ्य तथा खानेपानी सरसफाई प्रबर्द्धन परियोजनाको अवधारणा-पत्र यस पछि बस्ने गाउँसभाबाट अनुमोदन हुने गरी नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा २२(ख) बमोजिमको लागत साझेदारी ३० प्रतिशत ब्यहोर्ने प्रतिवद्दता सहित, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कार्यक्रम कार्यान्वयन इकाई, मुकामः बुटवलमा अवधारणा पत्र पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. २ नवप्रवर्तन साझेदारी कोष परियोजनाको कार्यान्वयन समिति गठन सम्बन्धमा।**
माथी निर्णय न. १५ बमोजिमको नवप्रवर्तन साझेदारी कोष संचालनको लागी पेश भएको दिगो तथा गुणस्तरीय शिक्षा स्वास्थ्य तथा खानेपानी सरसफाई प्रबर्द्धन नामको अवधारणा प्रस्ताव कार्यान्वयनको लागी तपशिल बमोजिमको परियोजना कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. गाउँपालिका अध्यक्ष- संयोजक
२. गाउँपालिका उपाध्यक्ष-सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत-सदस्य
४. आर्थिक विकास समितिको संयोजक- सदस्य
५. सामाजिक विकास समितिको संयोजक-सदस्य
६. पुर्वाधार विकास समितिको संयोजक-सदस्य
७. कार्यापालिकाको दलित महिला /पिछडिएको समुदायको सदस्य-२जना
८. योजना अनुगमन तथा मुल्यांकन शाखा प्रमुख- सदस्य-सचिव

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगवहादुर वि... 
गा.पा. अध्यक्ष

Scanned with CamScanner